# आकाशवाणी समाचार- नेपाली

मितिः २६ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमंत्री नरेंद्र मोदीले जापान अनि चीनको यात्राले भारतको राष्ट्रीय हित अनि प्राथमिकताहरुलाई अघि बढ़ाउने बताउनु भएको छ|
२. केंद्रीय इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णव अनि गुजरातका मुख्यमंत्री भूपेंद्र पटेलले हिजो अहमदाबादको निकट साणंदमा सीजी पावरको पहिलो सेमीकंडक्टर आउटसोर्स्ड असेंबली अनि परीक्षण सुविधाको प्रारंभिक संयंत्रको उद्घाटन गर्नुभयो।
३. राष्ट्रीय स्वयंसेवक संघका प्रमुख मोहन भागवतलेर भन्नुभयो, संघ अनि भाजपा बीच कुनै मतभेद छैन।
४. यूक्रेनको राजधानी कीवमा रूसको हमलामा परी मर्नेहरुको संख्या बढेर 21 पुगेको छ।
५. एसिया कप हक्की प्रतियोगिता आजदेखि बिहारको राजगीरमा सुरु हुँदैछ

## प्रधानमंत्री-प्रस्थान वक्तव्य

प्रधानमंत्री नरेंद्र मोदीले जापान अनि चीनको यात्राले भारतको राष्ट्रीय हित अनि प्राथमिकताहरुलाई अघि बढ़ाउने छ अनि क्षेत्रीय तथा वैश्विक शांति, सुरक्षा र सतत विकास अघि बढ़ाउनमा सार्थक सहयोगको निर्माणमा योगदान दिए विश्वास व्यक्त गर्नुभएको छ। जापान यात्राका लागि प्रस्थान गर्ने क्रममा श्री मोदीले भन्नुभयो, भारत-जापान विशेष रणनीतिक अनि वैश्विक साझेदारीको अघिलो चरणलाई आकार दिनमा ध्यान दिइने छ जसमा पछिलो ११ वर्षमा निरंतर र महत्वपूर्ण प्रगति भएको छ। उहाँले भन्नुभयो जापानका प्रधानमंत्री शिगेरु इशिबासितको सहयोगलाई नयाँ ऊंचाईमा पुर्याउन, भारत-जापान आर्थिक र निवेश संबंधको क्षेत्र र महत्वाकांक्षा विस्तार गर्न, अनि कृत्रिम बुद्धिमत्ता र सेमीकंडक्टर सहित नयाँ र उदाउदो प्रौद्योगिकिहरुको सहयोगलाई अघि बढ़ाउने प्रयास गरिनेछ। उनले दुई देशका जनतालाई जोड्ने सभ्यतागत र सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने अवसरका रुपमा पनि यो भ्रमण हुने बताउनु भयो।जापानपछि चिनियाँ राष्ट्रपति सी चिनफिङको निमन्त्रणामा तियानजिनमा हुने साङ्घाई कोअपरेसन अर्गनाइजेसन (साङ्घाई कोअपरेसन अर्गनाइजेसन) को शिखर सम्मेलनमा भाग लिन आफू चीन जाने प्रधानमन्त्रीले बताउनु भयो। उहाँले भारत साङ्घाई कोअपरेसन अर्गनाइजेसनको सक्रिय र रचनात्मक सदस्य भएको बताउनु भयो । साझा चुनौतीहरूको सामना गर्न र क्षेत्रीय सहयोगलाई प्रगाढ बनाउन भारत साङ्घाई सहयोग संगठनका सदस्यहरूसँग काम गर्न प्रतिबद्ध छ। प्रधानमन्त्रीले चिनियाँ राष्ट्रपति सी चिनफिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र अन्य नेतासँग शिखर सम्मेलनका क्रममा भेटवार्ता गर्न इच्छुक रहेको बताउनु भयो।

## प्रधानमंत्री-जापान यात्रा

प्रधानमंत्री नरेन्द्र मोदी 15 औ भारत-जापान वार्षिक शिखर सम्मेलनमा भाग लिन जापान प्रस्थान गर्नु भयो। यो प्रधानमंत्री मोदीको जापानको आठ औ यात्रा हुनेछ। यस अवधि जापानका प्रधानमंत्री शिगेरु इशिबासित शिखर वार्ता गर्नु हुनेछ।

## बिहार-राहुल गांधी

बिहारमा, वरिष्ठ कांग्रेस नेता राहुल गांधीले हिजो सीतामढ़ी र मोतिहारीमा मतदाता अधिकार यात्रा गर्नुभयो। आफ्नो अभियानको १२ औ दिन, उहाँले बिहारमा चलिरहेको विशेष गहन पुनरीक्षण अभियानको विरोध गर्नुभयो। यस कार्यक्रममा राष्ट्रीय जनता दलका नेता तेजस्वी प्रसाद यादव, मार्क्सवादी लेनिनवादी कम्यूनिस्ट पार्टीका महासचिव दीपांकर भट्टाचार्य र विकासशील इंसान पार्टीका अध्यक्ष मुकेश साहनी पनि उपस्थित थिए।यसै बीच, दरभंगामा राहुल गांधीको अभियान अवधि प्रधानमंत्री नरेंद्र मोदी बिरुद्ध कथित अपमानजनक टिप्पणीलाई लिएर भाजपा नेताहरुले पटनामा एक प्राथमिकी दर्ता गराए।वरिष्ठ भाजपा नेता र उपमुख्यमंत्री सम्राट चौधरीले भन्नुभयो राज्यको जनताले पहिले नै कांग्रेस अनि राष्ट्रीय जनता दललाई नकारी सकेको छ अनि आगामी चुनावमा अर्को पाठ सिकाउने छ।

**गुजरात - अश्विनी वैष्णव**

केंद्रीय इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णव अनि गुजरातका मुख्यमंत्री भूपेंद्र पटेलले हिजो अहमदाबादको निकट साणंदमा सीजी पावरको पहिलो सेमीकंडक्टर आउटसोर्स्ड असेंबली अनि परीक्षण सुविधाको प्रारंभिक संयंत्रको उद्घाटन गर्नुभयो। यस अवसरमा श्री वैष्णवले यस पायलट परियोजनालाई भारतको सेमीकंडक्टर उद्योगका लागि कोसेढुङ्गा बताउनु भयो| उहाँले भन्नुभयो यस संयंत्रमा पहिलो मेड-इन-इंडिया सेमीकंडक्टर चिप तयार गरिनेछ। उहाँले अझ भन्नुभयो २०३२ सम्ममा सेमीकंडक्टर पेशेवरहरूको विश्वव्यापी अभावलाई ध्यानमा राख्दै, केन्द्रले दक्ष मानव संसाधन विकास गर्न २७० विश्वविद्यालयहरूलाई अत्याधुनिक चिप उत्पादन प्रविधिले सुसज्जित गरेको छ। मुख्यमंत्री भूपेंद्र पटेलले सेमीकंडक्टर क्षेत्रमा भारतको प्रगतिले आउने वर्षहरुमा आत्मनिर्भर भारतको निर्माणलाई गति प्रदान गर्नेछ। उहाँले भन्नुभयो गुजरात सेमीकंडक्टर नीति तयार गर्ने देशको पहिलो राज्य हो अनि सबैभन्दा अधिक कुल चार सेमीकंडक्टर प्लांट गुजरातमा स्थापित गरिंदै छ। **हाम्रो** संवाददाताले बताएको छ, साणंदको गुजरात औद्योगिक विकास निगम परिसरमा सीजी सेमीमा दुइ सुविधाहरुको विकासका लागि 7 हजार छ सय करोड़ रुपियाँको निवेश गरिनेछ।

**डॉ. मनसुख मंडाविया**

श्रम अनि रोजगार मंत्री डॉ. मनसुख मंडावियाले सऊदी अरबको मानव संसाधन अनि सामाजिक विकास मंत्री अहमद बिन सुलेमान अल-राज़ीसित बातचीत गर्नुभयो। एक सोशल मीडिया पोस्टमा, डॉ. मंडावियाले भन्नुभयो भारत र सऊदी अरब बीच श्रम गतिशीलता बढ़ाउन, कौशलको पारस्परिक मान्यतालाई बढ़ावा दिन अनि प्रवासी श्रमिकहरुका लागि सामाजिक सुरक्षा ढाँचालाई बलियो बनाउन विचारहरुको आदान-प्रदान भएको छ।

**हकी-एशिया कप**

राष्ट्रिय खेलकुद दिवसको अवसर पारेर १२ औं एसिया कप हक्की प्रतियोगिता आजदेखि बिहारको राजगीरमा सुरु हुँदैछ । भारतीय हक्कीका महान खेलाडी मेजर ध्यानचन्दको जन्मजयन्तीको अवसरमा राष्ट्रिय खेलकुद दिवस मनाइन्छ । प्रतियोगितामा भारतसहित जापान, चीन, कजाखस्तान, मलेसिया, दक्षिण कोरिया, बंगलादेश र चाइनिज ताइपेइको सहभागिता रहेको छ । एसिया कप अर्को वर्ष हुने हकी विश्वकपको छनोट पनि हो । समूह 'ए' मा भारतसँगै जापान, चीन र कजाखस्तान रहेका छन् । भारतले आफ्नो पहिलो खेलमा आज चीनको सामना गर्नेछ । समूह चरणको अन्तिम खेलमा भारतले आइतबार जापानको सामना गर्नेछ भने सोमबार कजाखस्तानको सामना गर्नेछ । समूह 'बी' मा मलेसिया, कोरिया, बंगलादेश र चाइनिज ताइपेइ रहेका छन् । प्रतियोगितामा कुल २४ खेल हुनेछन् । प्रतियोगिताको फाइनल सेप्टेम्बर ७ मा हुनेछ । डिफेन्डिङ च्याम्पियन दक्षिण कोरियाले पाँच पटक एसिया कपको उपाधि जितेको छ भने आयोजक भारतले तीन पटक उपाधि जितेको छ ।

**प्रधानमन्त्री – हकी एसिया कप**

प्रधानमन्त्री नरेन्द्र मोदीले पुरुष हकी एसिया कपमा सहभागी हुने सबै टोली, खेलाडी, अफिसियल र समर्थकलाई शुभकामना व्यक्त गर्नुभएको छ। श्री मोदीले सामाजिक सञ्जाल मार्फत भन्नुभयो, भारत र एसियाका लाखौं मानिसको हृदयमा हकीको विशेष स्थान छ । प्रधानमन्त्रीले प्रतियोगिता रोमाञ्चक र अविस्मरणीय क्षणले भरिपूर्ण हुने अनि भावी पुस्ताका खेलप्रेमीलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले बिहारमा पुरुष हकी एसिया कप आयोजना गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो । श्री मोदीले भन्नुभयो हालैका दिनमा, बिहारले एक जीवंत खेल हबको रूपमा आफ्नो पहिचान बनाएको छ|

**निर्मला-कतर बैठक**

वित्त मंत्री निर्मला सीतारामणले हिजो नयाँ दिल्लीमा कतरका विदेश व्यापार राज्यमन्त्री डा. अहमद बिन मोहम्मद अल-सईदसित भेटवार्ता गर्नुभयो। वित्त मन्त्रालयले सोशल मीडियामा पोस्ट गर्दै भनेको छ।बैठकको क्रममा दुई मन्त्रीहरूले भारत र कतर बीचको रणनीतिक साझेदारी अन्तर्गत द्विपक्षीय व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने प्रतिबद्धता दोहोर्‍याउनु

भयो,चर्चाको क्रममा, वित्त मन्त्रीले विगत एक दशकमा भारतले विदेशी लगानी आकर्षित गर्न चालेका परिवर्तनकारी कदमहरूमाथि प्रकाश पार्नुभयो।

**<u>इस्राइल हवाई हमला-यमन</u>**

इज़राइलले हिजो यमनको राजधानी सनामा हवाई आक्रमण गरेको छ। यस आक्रमणमा शहरको पश्चिमी भाग सहित बाक्लो जनसंख्या भएको  क्षेत्र निशाना बनाइएको छ। इस्राइलका रक्षा मंत्री इस्राइल काट्ज़ ले यी आक्रमणको पुष्टि गर्नुभयो। हवाई आक्रमणमा हूती नेताहरुलाई निशाना बनाइएको थियो।